# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, माघ १६ गते, २०७९ साल (अतिरिक्ताङ्क ५२

## भाग ५

## निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोगले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी संवत् २०७९ साल फागुन २५ गते बिहीबारका दिन बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म मतदान हुने गरी राष्ट्रपतिको निर्वाचन मिति तोकेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

निर्वाचन आयोगले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०७९ साल चैत्र ३ गते शुक्रबारका दिन बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म मतदान हुने गरी उपराष्ट्रपतिको निर्वाचन मिति तोकेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना ३

निर्वाचन आयोगले संवत् २०७९ साल फागुन २५ गते बिहीबारका दिन हुने राष्ट्रपति निर्वाचन तथा संवत् २०७९ साल चैत ३ गते शुक्रबारका दिन हुने उपराष्ट्रपति निर्वाचन प्रयोजनको लागि राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ६ को उपदफा (१) अनुसार देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ :-

(क) राष्ट्रपतिको निर्वाचनको लागि:-

| क्र. सं. | निर्वाचन कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | मतदाता नामावली प्रकाशन | २०७९/११/१० | | १०:०० | ११:०० | निर्वाचन अधिकृतको कार्यालय | |
| २ | मतदाता नामावलीमा छुट नाम समावेश गर्न तथा विवरण सच्याउन दरखास्त दिने एवं मतदाता नामावली उपर दावी विरोधको उजुरी दिने | २०७९/११/१० ११:०० बजेदेखि | २०७९/११/११ १२:०० बजेसम्म | मिति २०७९/११/१० को ११:०० | मिति २०७९/११/११ को १२:०० | ऐ.ऐ. | |
| ३ | निवेदन तथा उजुरी उपर छानबिन र कारबाही गर्ने | २०७९/११/११ १२:०० बजेदेखि | २०७९/११/१२ १५:०० बजेसम्म | मिति २०७९/११/११ को १२:०० | मिति २०७९/११/१२ को १५:०० | ऐ.ऐ. | |
| ४ | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०७९/११/१२ | | १५:०० | १६:०० | ऐ.ऐ. | |
| ५ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७९/११/१३ | | १०:०० | १५:०० | ऐ.ऐ. | |
| ६ | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७९/११/१३ | | १५:०० | १६:०० | ऐ.ऐ. | |
| ७ | उम्मेदवारको दावी विरोधमा उजुरी दिने | २०७९/११/१४ | | १०:०० | १४:०० | ऐ.ऐ. | |
| ८ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७९/११/१४ १४:०० बजेदेखि | २०७९/११/१५ १४:०० बजेसम्म | मिति २०७९/११/१४ को १४:०० | मिति २०७९/११/१५ को १४:०० | ऐ.ऐ. | |
| ९ | मनोनित उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७९/११/१५ | | १४:०० | १७:०० | ऐ.ऐ. | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | उम्मेदवारले नाम फिर्ता लिने | २०७९/११/१६ | १०:०० | १६:०० | ऐ.ऐ. | |
| ११ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७९/११/१६ | १६:०० | १७:०० | ऐ.ऐ. | |
| १२ | मतदान | २०७९/११/२५ | १०:०० | १५:०० | तोकिएको मतदान केन्द्र | |

## (ख) उपराष्ट्रपतिको निर्वाचनको लागिः-

| क्र. सं. | निर्वाचन कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७९/११/२७ | | ०९:०० | १४:०० | निर्वाचन अधिकृतको कार्यालय | |
| २ | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७९/११/२७ | | १४:०० | १५:०० | ऐ.ऐ. | |
| ३ | उम्मेदवारको दावी विरोधमा उजुरी दिने | २०७९/११/२७ | | १५:०० | १८:०० | ऐ.ऐ. | |
| ४ | मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने | २०७९/११/२७ १८:०० बजेदेखि | २०७९/११/२८ १२:०० बजेसम्म | मिति २०७९/११/२७ को १८:०० | मिति २०७९/११/२८ को १२:०० | ऐ.ऐ. | |
| ५ | मनोनित उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७९/११/२८ | | १२:०० | १३:०० | ऐ.ऐ. | |
| ६ | उम्मेदवारले नाम फिर्ता लिने | २०७९/११/२८ | | १३:०० | १६:०० | ऐ.ऐ. | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७९/११/२८ | | १६:०० | १७:०० | ऐ.ऐ. | |
| ८ | मतदान | २०७९/१२/०३ | | १०:०० | १५:०० | तोकिएको मतदान केन्द्र | |

<u>द्रष्टव्यः</u>

१. मतदाता नामावली सम्बन्धी खण्ड (क) को क्र.स. १ देखि ४ सम्मको कार्यक्रम उपराष्ट्रपतिको निर्वाचनको हकमा समेत लागू हुनेछ।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. खण्ड (क) को क्रमसङ्ख्या १ बमोजिमको मतदाता नामावली आयोगको वेबसाइट www.election.gov.np मा समेत प्रकाशन गरिनेछ ।

३. मतदान पश्चात सबै मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि निर्वाचन अधिकृतले तोकेको समय र स्थानमा मतगणना कार्य शुरु गरिनेछ र मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ। कुनै उम्मेदवारले प्राप्त गरेको मत निर्वाचक मण्डलको तत्काल कायम रहेको कूल मतको बहुमत नभएको कारण राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५६ को उपदफा (१) वा उपदफा (३) बमोजिम पुनः मतदान गराउनु पर्ने अवस्थामा निर्वाचन अधिकृतले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम ४० बमोजिम मतदानको मिति तोकी पुनःमतदान गराउनेछ ।

**आज्ञाले,**
**गोकर्णमणि दुवाडी**
**सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।